# ऐरावती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

ऐरावती गाउँपालिका, प्यूठान
५ नं. प्रदेश, नेपाल

प.सं. २०७६/७७
च.नं.

मिति:२०७६/१२/०६

## कोरोना भाईरस (कोभिड-१९) सम्बन्धि जनहितमा जारी सन्देश ।

उपरोक्त सम्बन्धमा विश्वमा महामारीको रुपमा देखा परेको कोरोना भाईरस (कोभिड-१९) को कारण गाउँबासीहरुको स्वास्थ्यमा पर्न सक्ने असरलाई मध्यनजर गरि यस ऐरावती गाउँपालिका क्षेत्र भित्र धैरै भिडभाड र जमघट हुने भेला, सभा, सम्मेलन,सम्वाद कक्षा, मेला, पर्व, दिवस, समारोह जस्ता अत्यावश्यक अवस्था बाहेक कार्यक्रमहरु प्राथमिकतामा नराख्न हुन यो सुचना जारी गरीएको छ । साथै ज्वरो आउने, खोकी लाग्ने, टाउको वा घाटी दुख्ने, श्वासप्रश्वस प्रक्रियामा गाह्रो हुने कोरोना भाईरस (कोभिड-१९) का लक्षणहरु भएकोले यस्ता लक्षणहरु देखिना साथ तुरुन्त नजिजको स्वास्थ्य संस्थामा स्वास्थ्य परिक्षण गराउनका साथै यस रोगबाट बच्नका लागि नियमित रुपमा साबुन पानीले हात धुने, खोक्दा र हाछ्यु गर्दा मुख छोप्ने, हात नमिलाउने, मास्कको प्रयोग गर्ने, श्वासप्रश्वासको बिरामीको नजिक नबस्ने जनावरहरुबाट टाढा रहने, अण्डा, एवं मासुजन्य लगायतका खानेकुरा राम्ररी पकाएर खाने कुरामा विषेश ध्यान दिन हुन सम्पुर्ण गाउँबासीहरुलाई अनुरोध गरिन्छ । यस कार्यमा आ-आफ्नो ठाउँबाट आवश्यक सहयोगका लागि विभिन्न संघसस्थाहरुलाई हार्दिक अपिल गर्दछौं।

साथै सर्वसाधारणलाई भ्रम पार्ने विषय सामाजिक सञ्जालमा प्रकाशित गरे वा गलत अभिव्यक्ति दिए तुरुन्त कारवाही हुनेछ ।

दामु वि.क
प्रवक्ता
ऐरावती गा.पा.

Website:airawatimun.gov.np
Email: airawatirm@gmail.com

"कृषि, पर्यटन, रोजगारीको बढाउँदै गति शान्त, सुन्दर, समुन्नत बनाऔं ऐरावती"

Scanned by CamScanner